अख्तियार दुरुपयोग अनुसन्धान आयोग
टङ्गाल, काठमाडौं

मितिः २०८२।०२।२६ गते।

प्रेस विज्ञप्ति

विषयः नेपाल बैक लिमिटेड संचालक समितिका तत्कालीन अध्यक्ष डा. चन्द्र बहादुर अधिकारीसमेत २ जना उपर हिमाल तराई कन्सट्रक्सन प्रा.लि.को नेपाल बैक लिमिटेडबाट हुने ऋण प्रक्रियामा सहजीकरण गरिदिने भनी घुस/रिसवत लिई/दिई भ्रष्टाचार गरेको सम्बन्धी आरोपपत्र दायर।

नेपाल बैक लिमिटेड संचालक समितिका तत्कालीन अध्यक्ष चन्द्र बहादुर अधिकारी समेतले जिल्ला काठमाण्डौ, काठमाण्डौ महानगरपालिका -३२ मा रहेको हिमाल तराई कन्सट्रक्सन प्रा.लि.को नेपाल बैक लिमिटेडबाट हुने ऋण प्रक्रियामा सहजीकरण गरिदिन्छु भनि रू.५,००,०००।- (पाँच लाख) को चेक लिएको भन्ने उजुरी निवेदन सम्बन्धमा अनुसन्धान हुँदा हिमाल तराई कन्स्ट्रक्सन प्रा.लि. जिल्ला काभ्रेपलाञ्चोक वनेपा न.पा. वडा नं.३ घर भई जिल्ला काठमाण्डौ कागेश्वरी मनोहरा न.पा. वडा नं.९ बस्ने राजमान तामाङ्गको नाममा काठमाण्डौ जिल्ला का.म.न.पा. -३२ मा रहेको हिमाल तराई कन्स्ट्रक्सन प्रा.लि.ले ६,००,००,०००।- (छ करोड) ऋण लिनको लागि नेपाल बैङ्क लिमिटेडमा कागजात पेश गरेकोमा सो प्रा.लि. को ऋण प्रक्रिया अगाडी बढेको। ऋण प्रक्रियाको लागि रमेश आचार्यले राजमान तामाङ्गलाई नेपाल बैक लिमिटेड सञ्चालक समितिका तत्कालीन अध्यक्ष चन्द्र बहादुर अधिकारीसँग चिनजान तथा भेटघाट गराई दिएको। भेटघाट पश्चात निज चन्द्र बहादुर अधिकारीले आफू स्वयम तथा निज रमेश आचार्यलाई प्रयोग गरी SMS/फोन र Whatsapp मार्फत समेत राजमान तामाङ्गलाई पटक पटक सम्पर्क गरी गराई ऋण उपलब्ध गराउन सहजीकरण गर्ने र सो कार्यको लागि ऋण रकम रू.६,००,००,०००।—(छ करोड) को १(एक) प्रतिशत (%) अथवा रू.६,००,०००।—(छ लाख) घुस रिसवत माग गरे गराएको, निज प्रतिवादी चन्द्र बहादुर अधिकारीले प्रतिवादी रमेश आचार्य मार्फत हिमाल तराई कन्स्ट्रक्सन प्रा.ली.को ऋणको लागि धितोको प्रारम्भिक मूल्याङ्कन गराई दिएको। माग गरेको घुस रिसवत रकम मध्ये तत्काल रू.५,००,०००।—(पाँच लाख) हिमाल तराई कन्ट्रक्सन प्रा.लि.को प्रभू बैंकको रमेश आचार्यको नाममा खिचिएको चेक राजमान तामाङ्गले रमेश आचार्यलाई उपलब्ध गराएको गराई सोही चेक प्रतिवादी रमेश आचार्यले प्रतिवादी चन्द्र बहादुर अधिकारीलाई उपलब्ध गराई दिएको देखिएको। उक्त चेक मिति २०८१/१०/२३ गते चन्द्र बहादुर अधिकारीको घरकोठाबाट बरामद समेत भएको। नेपाल बैक लिमिटेड संचालक समितिका तत्कालीन अध्यक्ष चन्द्र बहादुर अधिकारीले रमेश आचार्यसँग मिलेमतो गरी नेपाल बैक लिमिटेडबाट ऋण उपलब्ध गराउन सहजीकरण गरिदिन्छु भनी ऋण रकम ६ करोडको १% रकम अर्थात रू ६,००,००० (छ लाख) घुस रिसवत बापत माग गरी रू. ५,००,०००।— (पाँच लाख) को चेक घुस रिसवत स्वरुप लिएको देखिएकोले देहायका प्रतिबादीलाई देहाय बमोजिमको कसुरमा देहाय बमोजिमको सजायको मागदाबी लिई आज विशेष अदालतमा आरोपपत्र दायर गरिएको छ।

देहाय

सि.नं.	प्रतिवादीको नामथर र कार्यालय	बिगो रु.	कसुर तथा सजायको मागदाबी
१.	नेपाल बैक लिमिटेड संचालक समितिका तत्कालिन अध्यक्ष **चन्द्र बहादुर अधिकारी**	रू.५,००,०००।-	भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुर भएको हुँदा निज प्रतिवादी चन्द्र बहादुर अधिकारीलाई बिगो रू.५,००,०००।- (पाँच लाख) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (घ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९(पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (ग) बमोजिम कैद र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिबाना हुन मागदाबी लिइएको छ।
२.	**रमेश आचार्य**	रू.५,००,०००।-	भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (घ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९(पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (ग) बमोजिम कैद र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिबाना हुन मागदाबी लिइएको छ।

प्रवक्ता
राजेन्द्र कुमार पौडेल